ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचार विरूद्धको सहकार्य
घर नं: ५७/६२, छकुबकु मार्ग, नयाँबानेश्वर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं: ११४८६
फोनः ००९७७-१-४५७५२६२, ४५७५०६२, फ्याक्सः ००९७७-१-४५७५११२
इमेलः trans@tinepal.org, वेभसाइटः www. tinepal.org, tinepal
(जि.प्र.का. काठमाडौं दर्ता नं.८७/०५३/०५४, समाज कल्याण परिषद् आ.नं.१४०११)

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
TRANSPARENCY INTERNATIONAL NEPAL
भ्रष्टाचार विरुद्धको सहकार्य The Coalition Against Corruption

## प्रेस विज्ञप्ति

## स्वार्थ बाझिएका नियुक्ति बारे तत्काल निर्णय लिइयोस्

**२०७९ माघ ११ काठमाडौं** : प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वमा हालै गठित मन्त्रिपरिषद्द्वारा भ्रष्टाचार विरुद्ध व्यक्त गरिएको नीतिगत प्रतिबद्धता स्वागतयोग्य छ। यस सन्दर्भमा उक्त प्रतिबद्धतासँग मेल नखाने गरी मन्त्रिपरिषद्मा स्वार्थ बाझिएका कतिपय व्यक्तिहरू नियुक्त गरिएको तथ्यप्रति ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआईं) नेपालको ध्यानाकर्षण भएको छ।

लोकतान्त्रिक मुलुकहरूमा सार्वजनिक पदमा नियुक्त हुने पात्र छनौट गर्दा स्वार्थ बाझिएको छ वा छैन भनी हेर्ने सामान्य प्रचलन हो। त्यसमा पनि मन्त्रिपरिषद् राज्य संरचनाको सबभन्दा उच्च तह हो, जसको राज्य सञ्चालनका नीतिगत निर्णयमा महत्वपूर्ण भूमिका हुन्छ। नवगठित मन्त्रिपरिषद्मा स्वार्थ जोडिएकै व्यक्तिहरू नियुक्त भएको विषय आमतहमा समेत व्यापक तहमा उठिरहेको हुँदा तत्काल यसको निर्क्यौल हुनुपर्छ भन्ने मान्यता टीआई नेपालको छ। अन्यथा भ्रष्टाचार विरुद्ध सरकारको प्रतिबद्धता कार्यान्वयन हुन असहज हुने र सरकारप्रतिको जन अपेक्षा निराशातर्फ धकेलिने देखिन्छ।

लोकतन्त्रको विश्वव्यापी मान्यता अनुरूप मन्त्रिपरिषद्का सदस्यहरूले आफू संलग्न रहेको संस्था, कम्पनी, शेयर कारोबार, आफूसँग भएका चल-अचल सम्पत्ति अविलम्ब सार्वजनिक गर्नुपर्छ। सुशासन खातिर पनि मन्त्रिपरिषद् र यसका सदस्यहरू आफैं निःशर्त कानून पालन गर्न अग्रसर हुनुपर्छ र नीति, निर्णय एवम् कानूनी प्रक्रिया प्रभावित हुन सक्ने कुनै पनि कार्य-व्यवहारबाट पृथक् रहनुपर्छ। यस परिप्रेक्ष्यमा प्रधानमन्त्रीले मुलुकलाई सुशासनको बाटोमा हिंडाउन प्रतिबद्ध रहेको अनुभूति दिलाउन स्वार्थ बाझिएका मन्त्रिपरिषद् सदस्यहरूका सम्बन्धमा तत्काल निर्णय लिनुपर्नेबारे टीआई नेपाल गम्भीर ध्यानाकर्षण गराउन चाहन्छ।

पद्मिनी प्रधानाङ्ग
अध्यक्ष